# झिमरुक गाउँपालिका

## गाउँपालिका भित्रका सुचिकृत स्वास्थ्य संस्थाहरु र अन्य सुचिकृत स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा लिन जाँदा र फर्कदा लाग्ने खर्च ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९

**प्रमाणीकरण मिति :- २०७६/०६/२३**

**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भ्यागुते,प्यूठान**
**लुम्विनी प्रदेश,नेपाल**

# गाउँपालिका भित्रका सुचिकृत स्वास्थ्य संस्थाहरु र अन्य सुचिकृत स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा लिन जाँदा र फर्कदा लाग्ने खर्च ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना** : झिमरुक गाउँपालिका भित्रका सुचिकृत स्वास्थ्य संस्थाहरु र अन्य सुचिकृत स्वास्थ्य संस्थाहरुमा झिमरुक गाउँपालिकामा बसोबास गर्ने गर्भवती महिलाले प्रसुती सेवा लिन जाँदा र फर्कदा लाग्ने यातायात रकम खर्चिलो भएकोले सेवाग्राहीलाई हुन जाने आर्थिक भार कम गर्न तथा नेपाल सरकारको नीति अनुसार पूर्ण संस्थागत सुत्केरी गराउन लक्षित समूहका लागि दिइने स्वास्थ्य सेवा, सुबिधा तथा प्रक्रियालाई सरल र सहज बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी झिमरुक गाउँपालिकाले यो कार्यबिधि जारी गरेको छ।

## परिच्छेद -१

१ **संक्षिप्त नाम र प्रारम्भ** :(१) यो कार्यविधिको नाम "गाउँपालिका भित्रका सुचिकृत स्वास्थ्य संस्थाहरु र अन्य सुचिकृत स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवा लिन जाँदा र फर्कदा लाग्ने यातायात खर्च ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यबिधि तुरून्त प्रारम्भ हुनेछ।

२ **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"गाउँपालिका"** भन्नाले झिमरुक गाउँपालिका सम्झनुपर्छ।

ख) **"लक्षित समूह"** भन्नाले झिमरुक गाउँपालिका भित्र स्थायी बसोबास गर्ने गर्भवती महिला गर्भ अबधि पुगेपछि सुचिकृत स्वास्थ्य सस्थाबाट प्रसुती सेवा लिने व्यक्ति सम्झनु पर्छ।

ग) **"लाभग्राही"** भन्नाले झिमरुक गाउँपालिकामा स्थायी बसोबास गर्ने गर्भवती महिला सम्झनु पर्छ।

## परिच्छेद -२

३ **निबेदन सम्बन्धी व्यवस्था** : यस कार्यबिधि बमोजिम प्रसुती सेवा लिन जाँदा र फर्कदा लाग्ने यातायात खर्च पाउनका लागी राष्ट्रिय परिचय पत्र वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, मातृ सेवा कार्ड HMIS 3.5 को प्रतिलिपि, जन्म प्रमाण पत्र, स्वास्थ्य सस्था सिफारिस पत्र सहित सम्बन्धित वडाको स्वास्थ्य संस्था मार्फत गाउँपालिकामा निबेदन दिनुपर्नेछ।

४ **सेवाग्राहिले पाउने यातातात वापत खर्च** : नेपाल सरकारले हाल आमा सुरक्षा कार्यक्रम मार्फत उपलब्ध गराउने प्रोत्साहन भत्ताको अतिरिक्त प्रति व्यक्ति रु २०००का दरले उपलब्ध गराईनेछ।स्वास्थ्य संस्थाबाट प्राप्त प्रतिबेदनका आधारमा गाउँपालिकाले स्वास्थ्य सस्थाको

खातामा रकम भुक्तानी गरी सकेपछि सम्बन्धित स्वास्थ्य सस्थाले सेवाग्राहीलाई भुक्तानी दिनुपर्ने छ।

५ **बजेट व्यवस्था :** गाउँपालिकाले स्वास्थ्य संस्थाबाट प्राप्त प्रतिबेदनको आधारमा बजेटको सुनिश्चितता गर्नेछ।

६ **अभिलेख तथा प्रतिवेदन :** प्रत्येक सुचिकृत स्वास्थ्य संस्थाले मासिक रुपमा प्रसूतिको रेकर्ड अध्यावधिक गरी एक प्रति गाउँपालिकामा पेश गर्नुपर्नेछ।

७ **अनुगमन तथा निरीक्षण :** झिमरुक गाउँपालिका स्वास्थ्य शाखाले गाउँपालिका भित्रका सुचिकृत स्वास्थ्य सँस्थाहरु र अन्य स्वास्थ्य संस्थामा प्रसुती सेवा लिन जाँदा र फर्कदा लाग्ने यातायात खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन् नक्कली लाभग्राहिले सुबिधा लिएको पाईएमा सम्बन्धित व्यक्ति र सिफारिसकर्ताबाट कानून बमोजिम रकम फिर्ता लिइनेछ र कानून बमोजिम कारबाही गरिनेछ।

८ **लेखा परिक्षण :** प्रसुती सेवा लिन जाँदा र फर्कदा लाग्ने यातायात खर्च वितरणको लेखा परिक्षण गराउने जिम्मेवारी झिमरुक गाउँपालिकाको हुनेछ।

९ **पारदर्शिता कायम गर्नुपर्ने :** गाउँपालिकाले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली सम्बन्धित स्वास्थ्य संस्थाले सूचना पाटिमा सार्बजनिक गर्नुपर्नेछ।

१० **बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यन्वयनमा बाधा अड्काउ परेमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

झिमरुक गाउँपालिकाको बैठकवाट मिति २०७९/०६/१३ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

सुवाश रिजाल

प्रमुख प्रशासकीय अधिकृत

मिति २०७९/०६/२३